# नगरप्रमुख श्री विष्णु प्रसाद भुसालले एघारौं नगरसभामा प्रस्तुत गर्नुभएको बार्षिक नीति तथा कार्यक्रम

## २०७९/०८०

कावासोती नगरपालिका, प्रमाणिकरण मिति २०७९/०३/०९

**कावासोती नगरपालिका**

**२०७९ साल असार ९ गते बिहिवार**

# नगरप्रमुख विष्णु प्रसाद भुसालज्यूबाट एघारौ नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रम आर्थिक वर्ष २०७९/८०

**नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

कोरोना महामारीले विगत २ वर्षदेखि सम्पूर्ण विश्व जगत नै आक्रान्त भई महामारीको अन्त्यपछि विश्व अर्थतन्त्रले भर्खरै गति लिन शुरु गरेको छ । हाम्रो देशको अर्थतन्त्र पनि कोरोना महामारीको कारणले शिथिल हुनु पुग्यो र अर्थतन्त्रले भर्खरै गति लिन खोजेको परिप्रेक्ष्यमा बैंकिङ क्षेत्रमा देखिएको तरलता अभावको कारणले अर्थतन्त्र थप जटिल बन्न पुगेको सबैलाई अवगत नै छ । अर्थतन्त्रका सूचकहरु नकारात्मक रहेको अवस्थामा रुस युक्रेन युद्ध र पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिका कारण र नियमनकारी संयन्त्र कमजोर भएको समयमा सवै उपभोग्य वस्तुमा भारी मुल्य वृद्धि भएको छ । निर्माण सामाग्रीमा भएको उच्च मूल्य वृद्धिका कारणले चालु आ.व. मा कतिपय भौतिक पूर्वाधार तर्फका योजनाहरु कार्यान्वयन हुन सकेन भने नगरपालिकाको आन्तरिक आय पनि अनुमान गरिए भन्दा कम हुन पुग्यो । संघ र प्रदेश सरकारबाट नगरपालिकालाई आउनु पर्ने पुरै अनुदान पनि आउन नसकेको अवस्था छ । यसरी तमाम कठिनाईका वावजुद पनि समग्रमा योजना कार्यान्वयनको अवस्था भने सन्तोषजनक नै रहेको छ ।

नेपालको संविधान,स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानूनले स्थानीय सरकारको भूमिका र अधिकारक्षेत्र बृहत रहेको दर्शाएको छ तर सोको तुलनामा नगरपालिकाको आन्तरिक आम्दानी कम हुने, प्रदेश र संघीय सरकारबाट आउने अनुदानको मात्रा पनि कम हुन जाँदा जन चाहना र जनआकांक्षा अनुरुप ठूला आयोजनाहरु कार्यान्वयन गर्न असम्भव भएको छ । साथै नगरपालिकाबाट हुने सेवा प्रवाहमा अझै व्यापक सुधारको खाँचो सवै क्षेत्रबाट  औंल्याईएको छ । यद्यपि निर्वाचनमा मतदाताहरुको उत्साहपूर्ण सहभागिता र समृद्ध कावासोती बनाउने उत्कट चाहनाको कारणले आशाका किरणहरु छरिएका छन् । साथै नगरपालिकाका निवर्तमान नगरप्रमुखज्यू, उपप्रमुखज्यू, वडा अध्यक्ष्यज्यूहरु र सम्पूर्ण जनप्रतिनिधिहरु र कर्मचारीहरुको अथक प्रयासले नगरपालिकाले विकासका भौतिक पूर्वाधार लगायत अन्य आयाममा उल्लेखनीय प्रगति हासिल भएको सवैलाई अवगत नै छ ।

आगामी वर्षहरुमा विकासको गतिलाई संघ र प्रदेश तथा विकासका अन्य साझेदार निकायसँग समन्वय र सहकार्य गरी तीव्र गतिमा अघि बढाई समृद्ध कावासोती बनाउन हामी सामु अवसर र चुनौती दुवै छ । निर्वाचनको समयमा मतदातासामु गरिएका प्रतिवद्धता र प्राथमिकताको आधारमा साधन स्रोतको

कुशल विनियोजन  र कार्यान्वयनका दक्षता देखाई सोही बमोजिमका रणनीतिक पक्षलाई ध्यान दिई आ.व. २०७९/८० को निम्नानुसारको विषयक्षेत्रगत नीति तथा कार्यक्रम पेश गर्दछु ।

## आर्थिक विकास

**कृषि तथा पशुपंक्षी तर्फ**

- आ.व. २०७९/८० मा कृषक समूह तथा कृषि सहकारीले जडान गर्ने सिंचाई मिटर जडानको शुल्क नगरपालिकाले उपलव्ध गराउने नीति लिइनेछ ।
- निर्वाहमुखी कृषि पेशालाई आयमा आधारित बनाउन कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण, विविधीकरण र वजारीकरण गर्ने नीति लिइनेछ । सोका लागि मागमा आधारित कृषि औजार र वीउविजनको वितरण, रासायनिक मलको वितरण र कृषि वजारको व्यवस्थापन गरिनेछ । कृषि ज्ञान केन्द्र र संघीय कृषि मन्त्रालय सँग समन्वय एवम् सहकार्य गरी कृषि क्षेत्रका ठूला परयोजनाहरु सञ्चालन एवम् कार्यान्व्यन गरिनेछ ।
- नगरका विभिन्न वडाहरुलाई कृषि पकेट क्षेत्रको रुपमा घोषणा गरी भूमीगत तथा सतही सिंचाई योजना सञ्चालन  गरी कषि क्षेत्रमा आत्मनिर्भर बनाउन दीर्घकालीन रणनीति लिइनेछ ।
- कृषि उपजको उत्पादनलाई अभिवृद्धि गर्न कृषि सामग्री संस्थानबाट आवश्यक पर्ने रासायनिक मल नगरपालिका आफैले भण्डारण तथा व्यवस्थापन गरिनेछ । साथै सहकारी मार्फत खरिद गरी भण्डारणमा सहजीकरण गर्ने र मल अभावलाई न्यूनीकरण गर्न आवश्यक नीति लिइनेछ ।
- कृषि तथा पशुपालनको क्षेत्रमा उत्पादन र उत्पादकत्व बढाउन कृषि स्वयंसेवक कृषि पेशा अवलम्वन गर्ने  वडामा खटाउने व्यवस्था गरिनेछ ।
- गाइभैसी, धान र तरकारी पकेट क्षेत्रलाई अझ व्यवस्थित र प्रभावकारी वनाउन विविध कार्यक्रमहरु संचालन गरिनेछ । साथै माछा पकेट क्षेत्रलाई लक्षित गरी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- वडा नं. ४ को कृषि पकेट क्षेत्रलाई विकासको लागि क्रमशः विभिन्न कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् ।
- गरिवी निवारण गर्न सामुहिक खेती, पशुपालन तथा कृषियोग्य उद्योग स्थापना गरी गरिवी निवारणमा सहयोग पु¥याइनेछ ।
- पानीको मुहान संरक्षण र संवद्र्धन गरी नगर भित्रका वडा न. १,४,५,७,१२,१३,१४,१५ र १७ का क्षेत्रमा विशेष योजना सहित पानीका स्रोत भण्डारण गरी योजना सहित लागू गरी कृषि उत्पादन वृद्धि गरिनेछ ।
- पशुपालन व्यवसायलाई आत्मनिर्भर बनाउन दुध उत्पादन तथा विक्री वितरणको लागि पशु बीमा, पशु स्वास्थ्य, औषधि, पशु फार्मको उचित व्यवस्थापन र दुध उत्पादक कृषकलाई प्रति लिटर रु. १.५० अनुदान दिने नीति लिएको छु । साथै घाँस उत्पादनका लागि छुट्टै क्षेत्र पहिचान गरिनेछ र घाँसको बीउ तथा बिरुवा वितरण गरिनेछ ।
- पशुपालनलाई व्यवसायिक बनाउन गोठ निर्माण तथा व्यवस्थापनको लागि अनुदान तथा पशु बीमा निशुल्क गरिदिने नीति लिइनेछ । साथै गोठ सुधार तथा पुनः निर्माणमा नगरपालिकाको तर्फबाट प्राविधिक सहयोग उपलब्ध गराइनेछ । व्यवसायिक रुपमा कुखुरापालक कृषकहरुका लागि बीमाको व्यवस्था गरिनेछ ।
- कावासोती नगरपालिका भित्र रहेका अव्यवस्थित मासु पसलहरुलाई पशु बधशाला तथा मासु जाँच ऐन २०५५ अनुसार सुदृढिकरण तथा नमुना बधशाला निर्माणका लागि पहल गरिनेछ

कावासोती नगरपालिका, प्रमाणिकरण मिति २०७९/०३/०८

- कावासोती नगरपालिकाको कृषि तथा पशुपन्छी ऐनको प्रभावकारी कार्यान्वयनको लागि संस्थागत क्षमताको विकास गरिनेछ।

**उद्योग तथा वाणिज्य, पर्यटन तर्फ**

- औद्योगिक क्षेत्र स्थापनाको लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी विशेष पहल गरिनेछ।
- निजी क्षेत्रसँगको समन्वय र सहकार्यमा समृद्ध कावासोतीको लागि करका दायरा र दररेटमा पुनरावलोकन गरी व्यवसाय करलाई प्रभावकारी बनाउने र उद्योगी व्यवसायीबाट उद्योग वाणिज्य संघ सँगको सहकार्यमा उठाइएको करको निश्चित प्रतिशत उद्योग वाणिज्य संघलाई फिर्ता गर्ने नीति लिइनेछ।
- नगरपालिकाभित्र उपलव्ध कच्चा पदार्थ प्रयोग गर्ने साना तथा मझौला उद्योगलाई प्रवद्र्धन एवम् संरक्षण गर्न विभिन्न कार्यक्रम ल्याइनेछ।
- वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र उपलव्धिमूलक बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- स्थानीय संस्कार, संस्कृतिमा आधारित आवास व्यवस्था, आतिथ्यता र स्थानीय उत्पादन र मौलिकतामा आधारित परिकारको आधारमा सेवा दिने गरी संचालन भएका घरवास कार्यक्रम गर्ने समूहलाई प्रवद्र्धनका लागि सहयोग गरिनेछ।साथै पर्यटकबाट लिइने शुल्कलाई करको दायरामा ल्याइनेछ।
- वडा नं. १ को वालुवा डाँडामा रहेको भ्यू टावर सञ्चालनमा ल्याई पर्यटकीय गतिविधि बढाउन पहुच सडकको स्तरोन्नतिमा संघीय सरकार सँग सहकार्य गरिनेछ। साथै उक्त क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउन ढोडे गाउँलाई मगर संस्कृति संरक्षण गरी मगर सांस्कृतिक संग्रालय स्थापना गरिनेछ।
- वडा नं. १ को वालुवा डाँडामा रहेको भ्यू टावर सञ्चालनमा ल्याई पर्यटकीय गतिविधि बढाउन पहुच सडकको स्तरोन्नतिमा संघीय सरकार सँग सहकार्य गरिनेछ। साथै उक्त क्षेत्रलाई पर्यटकीय गन्तव्य बनाउन ढोडे गाउँलाई मगर संस्कृति संरक्षण गरी मगर सांस्कृतिक संग्रालय स्थापना गरिनेछ।

**सहकारी तर्फ**

- सहकारीको विकासको लागि प्रोत्साहन तथा प्रवद्र्धनका विभिन्न कार्यक्रमहरु ल्याइनेछ। विपन्न वर्गको उत्थानमा संलग्न सहकारीलाई विशेष सहयोग गरिनेछ।

## पूर्वाधार विकास

- चालु आ.व. मा शुरु भएको नगरपालिकाको आवधिक योजना यसै आर्थिक वर्षमा पूरा गरिनेछ र आवधिक योजनाको आधारमा आयोजना तथा कार्यक्रम छनौट गरी वजेट विनियोजन गर्ने प्रणालीको विकास गरिनेछ। साथै मध्यमकालीन खर्च संरचना निर्माण गर्ने प्रक्रिया आगामी वर्षमा शुरुवात गरिनेछ।
- नगरपालिकाको गौरवको आयोजनाको रुपमा थालनी गरिएको रिगंरोडको अवधारणा क्षेत्रलाई पुर्नपरिभाषित गरिनेछ र यसअघि तयार गरिएको डि.पि.आर. लाई पुनरावलोकन गरिनेछ। त्यस्तै मानव तथा वन्यजन्तु द्धन्द्ध न्युनीकरणको लागि शुरु गरिएको नगरगौरवको अर्को आयोजनालाई बाँकी वडाहरुमा सम्पन्न गर्ने गरी निरन्तरता दिइनेछ।

कावासोती नगरपालिका, प्रमाणिकरण मिति २०७९/०३/०

- नगरपालिकाको सम्भावित स्थानहरुको पहिचाान गरी ल्यान्ड पुलिङ (Land Pooling) को माध्यमबाट व्यवस्थित स्याटलाइट सिटीको निर्माणको लागि संघीय सरकार र नगर विकास कोष लगायतका विकास साझेदार संस्थासँग सहकार्य गरी सम्भाव्यता अध्ययनको लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।
- नगरपालिकाको वजार क्षेत्रमा सवारी साधन, यात्रीहरु तथा सर्वसाधारणको अत्याधिक चापको कारण सवारी दुर्घटना बढिरहेको अवस्था छ । दुर्घटनालाई न्यूनीकरण गर्न कुमारवर्ती क्याम्पस प्रवेश चोक र नमुना सदरमुकाम जोड्ने थकाली चोकमा ओभरहेड ब्रिज निर्माण गरिनेछ ।
- पूर्व पश्चिम राजमार्गको वैकल्पिक राजमार्गको रुपमा कावासोती ८ को फलफुल चोकको गेट हुदै दोस्रो बाटो मानवधर्म, शितलचोक दक्षिण हुदै वडा नं. १० र वडा नं. ९ को वगैंचा हुदै पुरानो कावासोती वजार निस्कने बाटो नाला सहित कालो पत्रे योजनालाई नगरपालिका, प्रदेश र संघसँग सहकार्य गरी कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाका मुख्य सडकहरुमा साइकल लेन निर्माण कार्यको थालनी गरिनेछ ।
- नगरपालिकामा बढ्दो शहरीकरणका कारण अव्यवस्थित बसोवास बढिरहेको र जथाभावी खेतीयोग्य जमिनको खण्डिकरण गर्ने प्रवृत्ति बढेकोले नगरपालिकाले भू-उपयोग नीति तथा योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । जग्गा खण्डिकरणलाई थप व्यवस्थित गरिनेछ र वडा न. २,३,८,९ र १६ मा नयाँ सर्भे गरी लागू गरिनेछ ।
- नगरपालिकाको प्रोफाइल अद्यावधिक गरी सोका आधारमा विभिन्न ठूला साना आयोजनाहरुको कार्यान्वयन चरणवद्ध रुपमा कार्यान्वयन गरिनेछ । ठूला आयोजनाहरुको डिपिआर तयार गरी कार्यान्वयन गरिनेछ ।
- नगरपालिकामा बढ्दो शहरीकरण सँगै अग्ला र असुरक्षित भवन निर्माण गर्ने प्रवृत्ति पनि सँगै बढिरहेको अवस्था छ । सो कार्यलाई निरुत्साहित गर्न भवन निर्माण आचार संहिता कार्यान्वयनलाई कडाइका साथ लागू गरिनेछ । साथै नक्शा पास नगरी बनाईएका पुराना घरहरुलाई मापदण्ड बनाई आ.व. २०७९/८० भित्र नै सूचिकृत सहित अभिलेखीकरण गरिनेछ ।
- नगरपालिका भित्र अब बन्ने सामुदायिक एवम् सरकारी भवन निर्माणलाई अनिवार्य रुपमा नक्शा पासको दायरा ल्याइनेछ ।
- नगर गौरवका आयोजनाहरु संघ र प्रदेश सँग समन्वय गरी संचालित गरिनेछ । राष्ट्रिय गौरवको पूर्व पश्चिम हाइवे आयोजना कार्यान्वयनलाई तीव्रता दिन आयोजनालाई आवश्यक पर्ने निर्माण सामग्री अभाव हुन नदिन कानून र मापदण्ड अनुसार निर्माण सामाग्री उपलव्ध गराउन सहजीकरण गरिनेछ ।
- हुलाकी राजमार्ग पर्ने नगरपालिकाको क्षेत्रमा यसको निर्माणलाई तीव्रता दिन संघीय सरकारसँग विशेष आग्रह गरिनेछ र क्षेत्राधिकारको बारेमा भएको व्यवहारिक विवादलाई सहजीकरणका माध्यमबाट समाधान गरिनेछ ।
- व्यवस्थित शहरीकरणको लागि सडक, संचार, विद्युत र फोहर व्यवस्थापनका क्षेत्रहरुमा एकिकृत रुपमा कार्यान्वयन हुने गरी सरोकारवाला सवै पक्षसँग समन्वय र सहकार्य गरी अघि बढ्ने रणनीति अवलम्वन गरिनेछ ।
- नगरक्षेत्रमा रहेका जोखिमयुक्त वस्तीलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्ने नीति अवलम्वन गरिनेछ । यसका लागि संघीय सरकारसँग समन्वय गरिनेछ ।
- घनावस्ती भएका शहरी क्षेत्र भित्रका साना सडकहरुमा मोजाइक टाइल(ब्लक) लगाइनेछ ।
- चालु आ.व. मा निर्माण सामाग्रीको बजार भाउ अत्याधिक वृद्धि भई कार्यान्वयन नभएका अधुरा योजनाहरु आगामी आ.व. मा सम्पन्न गरिनेछ ।

- केरुङे खोलामा वडा न. ९ र १४ तथा वडा नं. ४ को हसौरा खोला पारी जोड्ने पक्की पुल , चिलाहा खोला पारी र सिमलवारी बाट कृषि क्षेत्र जाने २ वटा पक्की पुलको डि.पि.आर. तयार गरी संघीय सरकारको सहयोगमा निर्माण गरी सदरमुकाममा नागरिकको सहज पहुच पु¥याइनेछ ।
- नगरपालिकाको अधुरा रंगशाला निर्माण कार्यलाई आगामी वर्षहरुमा सम्पन्न गर्ने गरी संघीय तथा प्रदेश सरकारसँग समपूरक योजनाको रुपमा कार्यान्वयन गरिनेछ ।
- घना वस्ती भएका क्षेत्रहरुमा पक्की एवम् व्यवस्थित नाला निर्माण कार्य अघि बढाइनेछ । सडकहरु स्तरोन्नति एवम् कालोपत्रे गरिनेछ । सघन शहरी विकास आयोजना मार्फत वडा नं. २,३,८,९, १६ हाइवे दायाँ वाँया तथा हाइवे वरिपरीको शहरी क्षेत्रको नाला व्यवस्थापन गरिनेछ ।
- वडा नं. १६ मा नगरपालिकाको बसपार्क निर्माण कार्यलाई संघीय सरकारसँग सहकार्य गरी आगामी आ.व. मा कार्यान्वयन गरिनेछ ।
- वडा नं. २ को नवदुर्गा सामुदायिक वन र शिव सामुदायिक वन सँग समन्वय गरी मिनी बसपार्क निर्माणको प्रक्रियालाई अगाडि बढाइनेछ ।
- नमूना सदरमुकाम पुग्नका लागि नगरपालिकाको वडा नं. ४ देखि हुप्सेकोट गाउँपालिका जोड्ने पहुँच मार्ग निर्माणको लागि आवश्यक समन्वय गरिनेछ ।
- समावेशी चोकदेखि वगैचा स्कूल जोड्ने बाटो कालोपत्रे गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ ।

## सामाजिक विकास

- विद्यालय शिक्षामा समानता, गुणस्तर, सक्षमता र व्यवस्थापनलाई प्रमुख लक्ष्य बनाई सोही अनुकूलको नीति, विधि, कार्यक्रम र अभ्यास अपनाउने गरी यस आर्थिक वर्ष देखि नै शिक्षा क्षेत्रको प्राथमिकताहरु तय गरिएको छ ।
- नगर भित्रका सबै विद्यालयहरुको सर्वपक्षीय अवस्था पहिचान र मूल्याँकन गरी विद्यालयहरुको वर्गीकरण गर्दै विद्यालयहरु विच स्वस्थ र सहकार्यात्मक प्रतिस्पर्धा र नगरबाट विद्यालयलाई हुने सहजिकरण, सहयोग र नियमन कार्यलाई वस्तुगत वनाई समग्र नगरको शिक्षा नीति, योजना, कार्यक्रम, पद्धती र प्राथमिकतालाई नतिजामुखी बनाइनेछ ।
- नगरपालिकाको समग्र आर्थिक वृद्धिका सम्वाहक र सहयोगी क्षेत्रमा आवश्यक जनशक्ति उपलब्ध गराउन तथा राष्ट्रिय आवश्यकताको सन्दर्भलाई समेत ध्यानमा राखी सम्भाव्यता अध्ययनको आधारमा विद्यालयहरुमा थप प्राविधिक विषयहरु अध्ययन गर्ने अवसर सृजना गरिनेछ । पढ्दै कमाउदै कार्यक्रम संचालन गर्न सम्भाव्यता र इच्छाशक्ति भएका विद्यालयहरुलाई साझेदारी अनुदानको व्यवस्था गरिनेछ ।साथै हाल सञ्चालित प्राविधिक धारका विद्यालयहरुमा योग्य प्रशिक्षकहरुको व्यवस्था गर्न र गरिव जेहेन्दार तथा लक्षित समुहका विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययन गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- विद्यालय शिक्षामा सक्षमता, गुणस्तर,स्रोतको समुचित प्रयोग गरी नतिजामुखी शैक्षिक व्यवस्थापनका लागि मापदण्डमा आधारित रही कक्षा गाभ्ने (मर्ज) , तह गाभ्ने र विद्यालय गाभ्ने गर्ने कार्य गरिनेछ । यस कार्यलाई उत्साहित, आवश्यकीय र प्रभावकारी ढंगबाट सम्पादन गर्न विद्यालयहरुलाई आवश्यक शिर्षकमा अनुदान दिने व्यवस्था गरिनेछ ।

कावासोती नगरपालिका, प्रमाणिकरण मिति २०७९/०३/०

- विद्यालयमा कार्यरत दरवन्दी अनुसारको कुनै पनि जनशक्तीलाई प्रचलित श्रमकानून अनुसारको न्यूनतम तलब भत्ता उपलब्ध गराउन बजेटको व्यवस्था गरिनेछ।
- श्रम प्रतिको सकारात्मक भावनाको विकास, उपलब्ध स्रोत साधनको समुचित प्रयोगको ज्ञान र विद्यालयमै उत्पादित अर्गानिक खाद्यवस्तु दिवा खाजामा प्रायोग गर्ने अभ्यासका लागि हरेक सामुदायिक विद्यालयमा विद्यालय करेसावारी निर्माण गर्न नगर विद्यालय साझेदारी करेसावारी कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यार्थीको सिर्जनात्मक मौलिक क्षमता र नवप्रवर्तनात्मक अभ्यासका लागि प्राथमिकताका साथ अनुदान सहयोग उपलब्ध गराइनेछ।
- पाठ्यपुस्तकको सर्व पक्षीय गुणस्तरका आधारमा यस नगरपालिकाबाट छनौट भएका कक्षा एक देखी दश सम्मका अंग्रेजी माध्ययमका पाठ्यपुस्तक सबै सामुदायिक विद्यालयका विद्यार्थीलाई निशुल्क रुपमा उपलब्ध गराईनेछ।
- ब्रिटिस काउन्सिल नेपालसंग साझेदारीमा सञ्चालन गर्दै आईएको नगरको प्राथमिकताको "समग्र विद्यालय विकास कार्यक्रम" लाई निरन्तरता दिने गरी बजेटको व्यवस्था गरिनेछ।
- सामुदायिक विद्यालयको आधारभूत तहलाई सर्वपक्षीय रुपमा सुधार गर्न प्राथमिकताका साथ बजेटको व्यवस्था गरिनेछ।
- राष्ट्रिय मापदण्ड अनुसार बढी विद्यार्थी भएका विद्यालयहरुलाई प्रति विद्यार्थी अनुदानको व्यवस्था गरी क्रमिक रुपमा ठूला विद्यालय निर्माण गर्ने दिशामा विद्यालयहरुलाई सहयोग गर्दै लगिनेछ।
- सामुदायिक विद्यालयमा योग्यता पुगेका, सक्षम, प्रतिवद्ध तहगत स्थायी शिक्षकहरुलाई प्रधानाध्यापकको जिम्मेवारी दिइनेछ। यसरी प्रधानाध्यापक व्यवस्थापन गर्दा मौजुदा शिक्षकहरुको विषयगत जिम्मेवारीमा फेरवदल हुँदा आवश्यक पर्ने शिक्षक व्यवस्थापन गर्न नगरपालिकाबाट बजेटको व्यवस्थापन गरिनेछ।
- यस शैक्षिक वर्षको शैक्षिक तथ्याङ्कका आधारमा शिक्षक दरवन्दी मिलान कार्यलाई अघि वढाई शिक्षक दरवन्दी मिलान कार्यलाई स्वचालित प्रणालीवद्ध बनाईनेछ।
- विद्यार्थीको स्वास्थ्य, पोषण र सन्तुलित आनिवानी विकासका लागि आवश्यक ज्ञान र सेवा विद्यालयबाट नै उपलब्ध गराउने प्रयास स्वरुप उच्चतम विद्यार्थी भएका माध्यमिक विद्यालयहरुमा विद्यालय नर्सको व्यवस्थाका लागि नगरपालिकाबाट स्रोतको व्यवस्था मिलाईनेछ। अन्य विद्यालयहरुमा त्रैमासिक रुपमा विद्यार्थीहरुको सामान्य स्वास्थ्य परिक्षण र परामर्श सेवा नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मीहरु र निजि क्षेत्रका स्वास्थ्य संस्थाहरुबाट सामाजिक उत्तरदायित्व बहन गर्ने गरी गर्न उत्प्रेरित गरिनेछ।
- दरवन्दीमा कार्यरत शिक्षक सुत्केरी विदामा रहँदाको समयका लागि निश्चित मापदण्डका आधारमा स्वयम्सेवक शिक्षक व्यवस्थापन गर्न विद्यालयहरुलाई अनुदानको व्यवस्था गरिनेछ।
- विद्यालयमा रहेका अपुरा भवन तथा अन्य भौतिक पुर्वाधारको निर्माणका लागि संघ तथा प्रदेश सरकारसंग समन्वय र साझेदारीमा सम्पन्न गर्न पहल गरिनेछ।
- प्रयोगशालामा आधारित रोचक र व्यवहारिक शिक्षाका लागि नगर र विद्यालय साझेदारी विषयगत ल्याव निर्माण कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ।
- वृहत विद्यालय सुरक्षा कार्यक्रम सञ्चालनमा ल्याइनेछ। तत्तकाललाई सबै सामुदायिक माध्यमिक विद्यालयहरुमा विद्यालय जोखिम न्यूनिकरणका लागि सुरक्षा सामग्रीको व्यवस्था गरिनेछ।
- युवावर्गको चौतर्फी विकासका लागि खेलकुद मैदान निर्माण, विभिन्न खेल सञ्चालन, स्काउट शिक्षा, सचेतना र क्षमता विकास जस्ता कार्यहरु प्राथमिकताका साथ सम्पादन गरिनेछ।

कावासोती नगरपालिका, प्रमाणिकरण मिति २०७९/०३/०९

- नगर भित्र रहेका कलेजहरुको पूर्वाधार विकास, शैक्षिक गुणस्तर सुधार र अध्ययन अनुसन्धानका क्षेत्रमा सहयोग गरिनेछ ।
- नगरपालिकामा शिक्षाको विकास गर्न एवम् शिक्षालाई अनुसन्धानमुखी बनाउन विश्वविद्यालय स्थापनाको पहल गरिनेछ । सोका लागि नगरपालिकाका प्राज्ञिक, सामाजिक र राजनैतिक व्यक्तित्वसँग घनीभूत छलफल गरी अघि बढिनेछ ।
- प्राविधिक शिक्षालाई बढावा दिनको लागि प्राविधिक विद्यालयहरुको मूल्यांकन गर्ने कार्यलाई नगरपालिकाद्धारा निर्माण गरिएको कार्यविधिको आधारमा थप व्यवस्थित गरी स्तरोन्नतिमा विशेष ध्यान दिइनेछ ।
- कावासोती नगरपालिका भित्र रहेका सामुदायिक सिकाई केन्द्रहरुलाई सीप विकास र सामाजिक सचेतनाको हवका रुपमा विकास गर्न सहयोग गरिनेछ ।
- विपन्न वर्ग तथा द्धन्द्ध पीडित विद्यार्थीको शिक्षामा पहुच सुनिश्चित गर्न त्यस्ता विद्यार्थीहरुको पूर्व पहिचान गरी सबै प्रकारका शुल्क मिनाहा गरिनेछ ।
- नगरपालिकाका विद्यालयहरुको भौतिक पूर्वाधार विकासको लागि संघीय सरकार सँग सहकार्य गरिनेछ । भने प्रत्येक विद्यालयमा अपांगमैत्री शौचालय निर्माण कार्यलाई प्राथमिकता दिइनेछ । सबै विद्यालयमा क्रमशः स्वास्थ्यमा पहुच व्यवस्थापनको योजना ल्याइनेछ ।
- समुदायगत बाहुल्य रहेका विद्यालयहरुमा सोही समुदायको भाषामा शिक्षा पाउने व्यवस्थाको लागि अध्ययन गरिनेछ ।
- गृहिणी कक्षा सञ्चालन भएको विद्यालयलाई थप सुविधा सहितको भौतिक पूर्वाधार निर्माण गर्न सहयोग गरिनेछ । कक्षा ५ सम्म सञ्चालन रहेको प्रौढ गृहणी विद्यालयलाई निम्न माध्यमिक तह थप गर्ने अनुमती प्रदान गरी आवश्यक शिक्षक व्यवस्थापन गर्न सहयोग गरिनेछ ।
- नगरभित्र सञ्चालित सबै प्रकारका सीप विकास तालिम सञ्चालन गर्ने तालिम केन्द्रहरुलाई कानून बनाई कानूनी दायरामा ल्याइनेछ ।
- आधारभूत स्वास्थ्यका लागि नगरमा बसोवास गर्ने सबै नागरिकमा पहुच पु¥याइनेछ । साथै नगर भित्र बसोवास गर्ने ७० वर्ष माथिका ज्येष्ठ नागरिकको लागि घर घरमा स्वास्थ्य सेवा पु¥याइनेछ ।
- मातृ तथा वाल मृत्यु दर कम गर्न र सुत्केरी हुने महिलाहरुको प्रसव पीडा कम गर्न वाल तथा प्रसुती अस्पताल स्थापना कार्यलाई आगामी आ.व. मा प्रदेश सरकारसँग समन्वय गरी कावासोती नगरपालिका वडा नं. ८ को रेडक्रस परिसरमा रहेको जग्गामा शुरुवात गरिनेछ ।
- घरमै सुत्केरी हुने अवस्थालाई शून्य बनाउन प्रोत्सहनका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- आमा स्वास्थ्य कार्यक्रम र महिला स्वास्थ्य सेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य संस्थामा अत्यावश्यक  औषधिको अभाव हुन दिइनेछैन ।
- कावासोती नगरपालिकाको वडा नं. ३ शिवमन्दिर स्वास्थ्य चौकीलाई राट्रिय आवास कम्पनीले वितरण गर्न बाँकी जग्गामा संघीय स्वास्थ्य मन्त्रालयको सहयोगमा भवन निर्माण कार्यलाई यसै वर्ष शुरुवात गरिनेछ ।
- कावासोती नगरपालिकाको वडा नं. १७ को स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी मेडिकल अफिसर सहितको दरवन्दी र आवश्यक उपकरण सहित आ.व. २०७९/८० मा सञ्चालनमा ल्याउने व्यवस्था गरिनेछ । त्यस्तै कावासोती नगरपालिकाको वडा नं. १० को स्वास्थ्य चौकीमा मेडिकल ल्याव सञ्चाालन गरिनेछ ।

कावासोती नगरपालिका, प्रमाणिकरण मिति २०७९/०३/१९

- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमहरुको व्यवस्था गरिनेछ।
- स्वास्थ्य संस्थाहरुमा एम्वुलेन्स सेवालाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- नगरवासीहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याई निरोगी नगरवासी बनाउन तथा नगरका सवै स्वास्थ्य संस्था तथा नीजी अस्पताल र पोलिक्लिनिकहरुलाई नियमन गर्न स्वास्थ्य संस्था सञ्चालन र नियमन कार्यविधि तयार गरिनेछ।
- नगरपालिकाका विभिन्न समुदायका संस्कृतिलाई संरक्षण गर्न विशेष सांस्कृतिक क्षेत्र कायम गरी स्थानीय कला र संस्कृति संरक्षण गर्ने नीति लिइनेछ।
- पर्यटन पूर्वाधार विकासका लागि आगामी आ.व. मा नगरपालिकाका विभिन्न वडाहरुमा रहेका मन्दिर, गुम्वा, मस्जिद, चर्चहरुको संरक्षण, सम्वद्र्धन र निर्माणको लागि विशेष गुरु योजनाको लागि अध्ययन अनुसन्धान गरिनेछ।
- सवै वडामा वाल उद्यान निर्माण गरिनेछ साथै नवलपुर जिल्लाको प्रस्तावित नमुना सदरमुकाम क्षेत्रमा नमुना वाल उद्यान पार्क निर्माण गरिनेछ।
- नगरपालिका भित्र रहेका पिठौलीघाट, गंगेश्वरघाटारी र अन्य विभिन्न घाटहरुको संरक्षण र सम्वद्र्धन गर्न राष्ट्रिय निकुञ्ज अन्तरगत मध्यवर्ती क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ। साथै घाटसम्म पुग्ने पहुच मार्गको स्तरोन्नति गरिनेछ।
- विगत केही वर्षदेखि संचालनमा रहेका निजी विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था, विद्यार्थी संख्या, शिक्षण सिकाइ लगायत अन्य आधारमा कक्षा १–८ सम्मका आधारभूत तहलाई आवश्यकीय रुपमा अनुमति दिने र नियमन गर्ने नीति लिइनेछ।
- राष्ट्रिय विधामा विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिने नगरपालिकाका प्रतिष्ठित व्याक्तित्वहरुको पहिचान सहित प्रतिष्ठान निर्माण गरिनेछ।
- नगर बाल सञ्जाललाई थप सशक्तिकरणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ। र वालमैत्री नगरपालिका घोषणा कार्यक्रमको तयारीलाई निरन्तरता दिइ छिट्टै घोषणा गरिनेछ।
- बालवालिका सँग नगरप्रमुखको साक्षात्कार गराउनका लागि "हेल्लो मेयर" कार्यक्रम सञ्चालन गरिनेछ।
- किशोरीहरुमा हुने शारिरीक तथा मानसिक हिंसालाई शून्य सहनशीलताको नीति लिइनेछ।
- आ.व. २०७९/०८० मा नगरपालिकाका केही वडाहरुलाई वालमैत्री वडा घोषणा गरिनेछ। साथै आ.व. २०८०/०८१ मा पुरै नगरपालिकालाई वालमैत्री नगरपालिका घोषणा गरिनेछ।
- नगरपालिका भित्र वसोवास गर्ने दलित, अल्पसंख्यक, जनजाति, महिला, ज्येष्ठ नागरिक र लैंगिक अल्पसंख्यक, अपांगहरुको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- दलित समुदायको मेधावी विद्यार्थीहरुलाई उच्च शिक्षामा अध्ययनको अवसर सिर्जना गरिनेछ। साथै दलित, अल्पसंख्यक र सीमन्तीकृत समुदायबाट विद्यावारिधि अध्ययन गर्ने र अन्य समुदायबाट समेत विद्यावारिधि गर्ने विद्यार्थीहरुलाई अध्ययन सहायता अनुदानको व्यवस्था गरिनेछ।
- थारु समुदायको पहिचानको मेडरी नाचको संरक्षण, व्यवस्थापन र प्रवद्र्धनको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- वडा नं. ४ र १७ को इसाइ समुदायको चर्चलाई संरक्षण र संवद्र्धन गरिनेछ।

- महिला लक्षित कार्यक्रम अन्तरगत सीप विकास, क्षमता विकास र आय आर्जनका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- अपांग पुर्नस्थापनाको लागि पुर्नस्थापना केन्द्र स्थापनाको लागि १४, १५, १६ र १७ मा संभावित स्थानको खोजी गरी व्यवस्थापन गरिनेछ।
- सबै वडामा बाल उद्यान र ज्येष्ठ नागरिक विश्रामस्थल निर्माणको प्रक्रियाको थालनी गरिनेछ।
- भूमीहीन दलित, सकुम्वासी तथा अव्यवस्थित वासीहरुलाई भूमी आयोगसँगको सहकार्यमा लालपूर्जा वितरण कार्यलाई अघि बढाइनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

- योजना कार्यान्वयन गर्दा वातावरण सँग तादात्यता हुने गरी दिगो विकासको अवधारणा वमोजिम कार्यान्वयन गरिने छ ।
- नगरभित्र उत्पादन हुने फोहर व्यवस्थापनको लागि सवै वडाहरुमा नियमित र आवश्यकताका आधारमा फोहर उठाउने व्यवस्था गरिनेछ। नगरपालिकाको फोहरमैला व्यवस्थापन केन्द्रलाई थप सुदृढ बनाईनेछ।
- नगरभित्र रहेका सामुदायिक वन समितिलाई सशक्तिकरण गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ। वन क्षेत्र संरक्षणका लागि सामुदायिक वन समितिका आम्दानीलाई नगरको करको दायरा ल्याइनेछ।
- नगरपालिका भित्रका सिमसार क्षेत्रहरुको संरक्षणमा विशेष ध्यान दिइनेछ।
- नगरपालिकाको अवसर र चुनौतीको रुपमा रहेको केरुङे खोलाको व्यवस्थापनको लागि अधिकार सम्पन्न केरुङे खोला व्यवस्थापन समितिको निर्माण गरिनेछ। साथै राष्ट्रपति चुरे मधेस संरक्षण विकास समितिसँग समन्वय र सहकार्य गरिनेछ। साथै उक्त खोलालाई चुरे क्षेत्रबाट हटाउन विशेष पहल गरिनेछ। खोलाको किनारमा पक्की तटवन्ध र पर्यापर्यटकीय पूर्वाधार निर्माणको लागि प्रदेश र संघीय सरकार तथा नगर विकास कोष मार्फत् एशियाली विकास बैंकसँग सहकार्य गरिनेछ।
- नगरपालिकाको पत्थरे खोला, लोकाहा खोला, डन्जर खोला, हसौरा खोला लगायतका अन्य खोलाहरुको व्यवस्थापनमा विशेष कार्यक्रमहरु सञ्चालन गरि विपद् व्यवस्थापन गरिनेछ।
- वडा नं. २ को फलफुलचोक देखि उत्तर तर्फ रहेको वस्तीभित्र जीर्ण अवस्थामा रहेका रुखहरु सम्वन्धित निकायहरुसँग समन्वय गरी व्यवस्थापन गरिनेछ।
- टरुवा ताल संरक्षणमा मौलिक प्रविधिलाई प्राथमिकता दिइनेछ। साथै पोखरीताल र गैडाताल संरक्षणमा विशेष ध्यान दिइनेछ। वडा नं. ४ को रिचार्ज पोखरी विस्तार गरिनेछ।

## संस्थागत विकास सेवा प्रवाह र सुशासन

- नगरपालिकालाई आवश्यक पर्ने ऐन, नियमावली, कार्यविधिहरुको पुनरावलोकन, परिमार्जन र थप समयमै गरी सेवा प्रवाहलाई थप सरलीकरण, व्यवस्थित र अद्याधिक गरिनेछ।
- नगरवासीले घरमै बसी अनलाइन भुक्तानी हुने गरी कर प्रणालीलाई प्रविधिमैत्री र झन्झटमुक्त बनाइनेछ।

कावासोती नगरपालिका, प्रमाणित मिति २०७९/०३/०९

- सेवाग्राहीलाई नगरको सेवा लिन सरलीकरण र सहजीकरण गर्न एकै ठाउँबाट सेवा प्रवाह गर्ने गरी सेवा प्रवाहमा एकद्धार प्रणाली स्थापना गरिनेछ ।
- सेवा प्रवाहमा प्रभावकारीता ल्याउनको लागि कर्मचारीहरुको कार्यसम्पादन करार, कार्यविशिष्टिकरण, क्षमता विकास र अध्ययन र अनुसन्धानमा जोड दिइनेछ ।
- नवनिर्वाचित जनप्रतिनिधिहरुको क्षमता विकास  र उत्प्रेरणाको लागि प्राथमिकताको साथ कार्यक्रमहरु अघि बढाइनेछ ।
- न्यायिक समितिको क्षमता विकासको लागि अध्ययन, अवलोकन एवम् तालिमहरु सञ्चालन गरिनेछ ।
- कर प्रशासनलाई सुदृढ गरी करका दायरालाई पुनरावलोकन, करको दर र कर प्रशासनको सेवालाई जनमुखी बनाई करप्रतिको धारणालाई परिवर्तन गरिनेछ ।
- प्रत्येक वर्ष नगरपालिका भित्र उत्कृष्ट कर्मचारी छनौट गरी कर्मचारी प्रोत्साहन गर्ने प्रणाली शुरुवात गरिनेछ ।
- नगरपालिकाको सेवा प्रवाह र विकास निर्माण कार्य र जनताको सुसूचित हुन पाउने अधिकारलाई प्रभावकारी बनाउन मिडियासँग सहकार्य गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरपालिकाको संगठन र दरवन्दी संरचनालाई समयानुकूल पुर्नसंरचना गर्ने आवश्यक प्रक्रिया अघि बढाइनेछ ।
- सेवा प्रवाह र विकास निर्माण कार्यलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन प्रत्येक चौमासिकमा नगरपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिनेछ । साथै सामाजिक परीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।
- नमुना सदरमुकाम वरीपरी सदरमुकाम क्षेत्र भन्दा बाहिर रहेका बाँकी जग्गाहरु नगरको स्वामित्वमा ल्याउने प्रक्रिया शुरु गरिनेछ ।

**धन्यवाद ।**

कावासोती नगरपालिका, प्रमाणिकरण मिति २०७९/०३/०९